# प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था

शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन

विशिष्टीकरण विषयको आँशिक आवश्यकता पुरा गर्नका

लागि तयार पारिएको शोधपत्र


शोधकर्ता

नवराज सापकोटा

परीक्षा रोल नं.: ३७५००१६/२०६७

त्रि.वि.द.नं. ९-२-३७५-३७-२००५

त्रिभुवन विश्वविद्यालय

नीलकण्ठ क्याम्पस

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

धादिङ्गबेसी, धादिङ्ग


२०६९

सिफारिस-पत्र

त्रि. वि. शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका निमित्त परीक्षा रोल नं. :- ३७५००१६ का शोधकर्ता छात्र नवराज सापकोटाले 'प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था' विषयक शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार पार्नुभएको हो, निजको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यस शोधलाई अन्तिम मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : १७ मार्च २०१३ (२०६९/१२/०४)

..................................

शोध निर्देशक

रामशरण सापकोटा

उप प्रा. नीलकण्ठ क्याम्पस

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय नीलकण्ठ क्याम्पस शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रोवर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आँशिक आवश्यकता पुरा गर्नका लागि परीक्षा रोल नं. : ३७५००१६ का छात्र श्री नवराज सापकोटाले 'प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था' शीर्षकमा अनुसन्धान गरी तयार पार्नुभएको शोधपत्र स्वीकृतीका लागि पेश गर्नुभएकोले उक्त विषयको शोधपत्र मूल्याङ्कन गरी स्वीकृती प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

रामशरण सापकोटा

उप प्रा. नीलकण्ठ क्याम्पस

विभागीय प्रमुख (शोध निर्देशक) ..................................

भुवनराज जोशी

उप प्रा. नीलकण्ठ क्याम्पस

बाह्य परीक्षक .................................

प्रा.स्वयंप्रकाश ज. ब. रा

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि. वि. कीर्तिपूर

बाह्य परीक्षक .................................

मिति : १७ मार्च २०१३ (२०६९/१२/०४)

कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, स्नातकोत्तर दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको शोधपत्र (Ed. Ce. 598 ) को आंशिक आवश्यकता पूरा गर्न यो शोधपत्र तयार गर्ने अवसर पाएकोमा खुसि व्यक्त गर्दै उक्त अवसर प्रदान गर्ने नीलकण्ठ क्याम्पस, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

भनिन्छ घर बलियो हुनको लागि जग बलियो हुनुपर्छ । त्यसै उक्तिलाई मध्यनजर गर्दै औपचारिक शिक्षा सुरु हुनुअघिको प्रारम्भिक बालविकास कार्यक्रम कसरी सञ्चालित छ, प्रभाव कस्तो छ, र समस्याहरु के कस्ता देखिएका छन् र त्यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने विषयलाई आधार मानेर धादिङ जिल्लाको नीलकण्ठ श्रोतकेन्द्र अन्तर्गतका ८ वटा बालविकास केन्द्रहरुमा ' प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वियनको अवस्था ' शीर्षकमा अध्ययन गरी यो शोधपत्र तयार गरेको छु । सोध प्रस्तावना देखि यस अध्ययनका क्रममा मार्गनिर्देशकको रुपमा सहयोग गर्नुहुने आदरणीय गुरु रामशरण सापकोटा प्रति विशेष सम्मान तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी शोध प्रस्तावनादेखि यस अध्ययनका क्रममा सुझाव तथा सल्लाह प्रदान गर्नुहुने आदरणीय गुरुहरु भुवनराज जोशी र प्रभा न्यौपानेलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोधपत्र तयार गर्ने विषयमा सन्दर्भ सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने आदरणीय गुरुहरु युवराज सुवेदी, भानुभक्त भट्ट र क्याम्पस प्रशासक तथा आदरणीय गुरु इश्वरी पाण्डे प्रति आभार व्यक्त गर्दछु । त्यस्तै अध्ययनको दौरानमा झक्झक्याइरहनुहुने नीलकण्ठ क्याम्पसका क्याम्पस प्रमूख आदरणीय गुरु श्री भूपेन्द्रकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

यस अध्ययनको लागि आवश्यक सूचना संकलन गर्ने क्रममा सहयोग गर्नुहुने ८ वटै बालविकास केन्द्रहरुका प्रधानाध्यापक, सहयोगी कार्यकर्ता, वि. व्य. स. अध्यक्ष, अभिभावक र सम्पूर्ण बालबालिकाहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । अध्ययनलाई थप अर्थपूर्ण बनाउन सहयोग गर्नुहुने जि. शि. अ. दिपेन्द्र सुवेदी, विद्यालय निरीक्षक कृष्णकुमार श्रेष्ठ र श्रोतव्यक्ति भुपेन्द्रकुमार श्रेष्ठप्रति कृतज्ञ छु । अध्ययन प्रस्तावना तयार पार्ने बेलादेखि नै सम्बन्धित तथ्याङ्क र सन्दर्भसामग्री उपलब्ध गराएर सहयोग गर्ने जिल्ला शिक्षा कार्यालय, धादिङलाई धन्यवाद दिन चाहन्छु । यस शोधपत्र तयारीको क्रममा सुझाव तथा सल्लाह प्रदान गर्नुहुने मित्रहरु नारायण, प्रकाश, विष्णु, राधिका र राजनलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र तयार गर्ने क्रममा कम्प्युटर सेटिङ गरी सहयोग पुऱ्याउनुहुने गोल्डेन आइ कम्प्युटर इन्स्टिच्युटका उत्तम सापकोटा प्रति आभार व्यक्त गर्दछु ।

नवराज सापकोटा

धादिङबेसी, धादिङ

शोधसार


शिक्षा जन्मपछीको एउटा निरन्तर प्रकृया हो । आधुनिक समयमा शिक्षालाई योजनावद्ध तरिकाले प्रयोग गरिँदै छ । इतिहास केलाउने हो भने शिक्षालाई व्यवस्थित गर्ने क्रममा मन्टेश्वरी, किण्डर गार्डेनको नामले पूर्वप्राथमिक शिक्षाको विकास हुँदै आएको पाइन्छ । नेपालको इतिहासमा २००७ सालपछी सुरु भएको तर २०२८ सालपछि योजनाबद्ध रुपमा सुरु हुन थालेको पूर्वप्राथमिक कक्षा आज आएर हरेक सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने लक्ष्यका साथ सरकारले कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसरी सुरु भएको प्रारम्भिक बालविकास कार्यक्रम कसरी कार्यान्वयन हुँदै छ, उक्त कार्यक्रमले गाउँसमाजमा प्रभाव के कस्तो प्रभाव पारेको छ त्यसको पहिचान गर्ने र कार्यक्रम सञ्चालनको क्रममा के कस्तो समस्या देखिएका छन् र त्यसको कसरी निराकरण गर्न सकिन्छ त भन्ने विषयमा केन्द्रित रहि यो अध्ययन कार्य गरिएको थियो ।

यस अध्ययनलाई धादिङ जिल्लाको नीलकण्ठ श्रोतकेन्द्र अन्तर्गतका ८ वटा बालविकास केन्द्रलाई सम्भावनारहित नमूना छनोट विधी अन्तर्गतको सुविधाजनक नमूना छनोट प्रकृयाबाट छनोट गरिएको थियो । त्यस्तै सम्बन्धित विद्यालयका प्र. अ. , वि. व्य. स. अध्यक्ष र सहयोगी कार्यकर्ता, श्रोतव्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीको स्वतः छनोट गरिएको थियो भने ८ वटा केन्द्रका महिला र पुरुष अभिभावक १/१ जना गरी जम्मा १६ जना अभिभावकलाई छनोट गरिएको थियो । सूचना संकलनको क्रममा स. का., प्र. अ., विद्यालय निरीक्षक, श्रोतव्यक्ति लाई प्रश्नावलीको प्रयोग गरिएको थियो । त्यस्तै अभिभावक, वि. व्य. स. अध्यक्ष र जि. शि. अ. को लागि अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरिएको थियो । प्रत्येक बालविकास केन्द्रमा अध्ययनकर्ता ७ पटकसम्म स्वयं उपस्थित भइ अवलोकन फारमको सहयोगले कक्षा अवलोकन तथा विभिन्न क्रियाकलाप अवलोकन र बालबालिकाहरुसँग सामान्य छलफल समेत गरिएको थियो । यस अध्ययनमा अवलोकन फारम, प्रश्नावली, छलफल, अन्तर्वार्ता, दस्तावेज अध्ययन जस्ता साधन र प्रकृयाको प्रयोगद्वारा प्राप्त तथ्याङ्क विशेषगरी गुणात्मक भएकोले यस अध्ययनलाई पनि गुणात्मक प्रकृयाबाट विश्लेषणात्मक तथा वर्णनात्मक ढाँचामा व्याख्या तथा विश्लेषण गरिएको थियो ।

अध्ययन क्षेत्रका बालविकास केन्द्रमा २०४ जना छात्र/छात्रा मध्ये छात्र र छात्रा क्रमशः ९६ र १०८ जना रहेका थिए । सहयोगी कार्यकताको नियमितता राम्रो रहेता पनि ७ दिनसम्मको अवलोकन र प्रश्नावलीको आधारमा विद्यार्थी नियमितता हेर्दा २ वटा बालविकास केन्द्रमा ८० प्रतिशत भन्दा कम थियो भने ४ वटा बालविकास केन्द्रमा ९० प्रतिशत रहेको पाइयो । पाठ्यक्रम तथा निर्देशिका उपलब्धता सबै बालविकास केन्द्रमा भएता पनि २ वटा केन्द्रमा अति कम मात्रामा निर्देशिका तथा पाठ्यक्रमको प्रयोग भएको पाइयो । सबै बालविकास केन्द्र दण्डरहित र भेदभावरहित भएता पनि आराम गर्ने ठाउँ, शौचालय, फर्निचर, खेल सामग्री बालमैत्री नभएको पाइयो । ९ जना सहयोगी कार्यकर्ताहरु मध्ये ३ जनाले मात्र आधारभूत

तालिम प्राप्त गरेको पाइयो । ९ जना सहयोगी कार्यकर्ताहरु मध्ये ३ जनाले प्रमाणपत्र तह उत्तिर्ण गरेको पाइयो भने बाँकी सहयोगी कार्यकर्ता ले एस्. एल्. सी. उत्तिण गरेको पाइयो । ९ जना सहयोगी कार्यकर्ताहरु मध्ये कसैले पनि लिखित तथा योजनावद्ध पूर्वतयारी गरि शिक्षण गरेको पाइएन ।

सबै बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अभाव नै देखिएता पनि ३ वटा केन्द्रमा निकै कम रहेको पाइयो । सहयोगी कार्यकर्तालाई उपलब्ध गराइएको पारिश्रमिक निकै कम रहेको र सबै सहयोगी कार्यकर्ता असन्तुष्ट रहेको, राज्यले अपहेलना गरेकोले नैराश्यता उत्पन्न भएको भन्ने धारणा रहेको पाइयो । अधिकांश बालविकास केन्द्रमा भाषा तथा गणित कुनामा बढि जोड दिने गरेको पाइयो । ६ वटा बालविकास केन्द्रले बालबालिकाको सिकाइ तथा विकास मूल्याङ्कन फाराम प्रयोग गरी मूल्याङ्कन कार्य अगाडी बढाएको पाइयो । भने बाँकी २ वटाले पनि निरन्तर मूल्याङ्कन प्रणालीको नै प्रयोग गरेता पनि आफ्नै तरिकाले गर्ने गरेको पाइयो । अधिकांश बालविकास केन्द्रको भौतिक पूर्वाधार उपयुक्त नभएको र कक्षाकोठा व्यवस्थापन निकै कमजोर रहेको पाइयो । जिल्ला स्तरबाट बालविकास केन्द्रलाई उपलब्ध गराउनुपर्ने सुविधाहरु बेलैमा उपलब्ध गराइए पनि अनुगमन तथा निरीक्षणमा कमि नै रहेको पाइयो । बालबालिकाहरुलाई खेल, गीत, संगीत जस्ता पक्षमा बढि सामेल गराउनुपर्ने भएता पनि अभिभावकको दबाबको कारण गृहकार्य दिने, ठूलो कक्षामा जसरी पढाउने कार्य गर्ने गरेको पाइयो । प्र. अ. ले बालविकास केन्द्रको अनुगमन नियमित गर्ने गरेको भएता पनि वि. व्य. स., वि. नि. श्रोतव्यक्ति तथा अभिभावकहरुबाट अनुगमन कार्य पर्याप्त नभएको पाइयो ।

शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास गराउने क्रियाकलापहरु मध्यम खालको रहेको पाइयो । प्र. अ., वि. व्य. स. अध्यक्ष, स. का., अभिभावक, वि. नि. तथा जि. शि. अ. हरुबाट प्राप्त सूचनाहरुको आधारलाई हेर्ने हो भने पनि यस प्रारम्भिक बालविकास कार्यक्रम अत्यन्त प्रभावकारी रहेको ले यो कार्यक्रम अनिवार्य तथा अत्यावश्यक रहेको प्रतिक्रिया प्राप्त भयो । कतिपय बालविकास केन्द्रमा भौतिक पूर्वाधार अभाव भएको र त्यसको लागि सरकारी तवरबाट उपयुक्त भवन लगायत कक्षाकोठा निर्माणमा सहयोग हुनुपर्छ भन्ने प्रतिक्रिया प्राप्त भयो । विद्यालयमा राजनैतिक हस्तक्षेप रहेको पाइयो । त्यस्तै खेलमैदान सानो वा नहुँदा निर्दिष्ट क्रियाकलाप गराउन समस्या हुने गरेको पाइयो ।

सहयोगी कार्यकर्ताले अति न्यून पारिश्रमिकमा सेवा गर्नुपरेकोले उनीहरु छोटो समयमा नै परिवर्तन भइराख्ने गरेको पाइयो । यसको कारण समग्र कार्यक्रमलाई नै असर पार्ने देखिन्छ । यस अध्ययनबाट प्राप्त जानकारीबाट के निष्कर्षमा पुग्न सकिन्छ भने यो कार्यक्रम निकै प्रभावकारी त छ नै, अझै सहयोगी कार्यकर्तालाई समयसापेक्ष सेवा तथा सुविधा उपलब्ध गराई स्थायी गर्ने प्रकृयामा लैजाने हो भने कार्यक्रमले अपेक्षित उपलब्धी प्राप्त गर्नेमा कुनै शंका छैन । त्यसको लागि सरकारी तवरबाट हितकारी तथा दीर्घकालीन योजना निर्माण तथा तर्जुमा आवश्यक छ भन्न सकिन्छ ।

विषयसुची

पृष्ठ

परिच्छेद - एक

परिचय

१.१. अध्ययनको पृष्ठभूमी १

१.२. अध्ययनको औचित्य ८

१.३. समस्याको कथन ९

१.४. अनुसन्धान प्रश्न १०

१.५. अध्ययनको उद्देश्य ११

१.६. अध्ययनको सिमाङ् कन ११

१.७. शब्दाबलीको परिभाषा १२

परिच्छेद - दुई

पूर्व साहित्यको समीक्षा

२.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन १३

२.२. सम्बन्धित अध्ययनको समीक्षा १८

२.३. अध्ययनको अवधारणात्मक ढाँचा २०

परिच्छेद - तीन

अनुसन्धानविधी

३.१. अनुसन्धान ढाँचा २२

३.२. जनसंख्या र नमुना छनोट २३

३.२.१. अध्ययन क्षेत्र छनोट २४

३.२.२. बालविकास केन्द्र छनोट २४

३.२.३. प्रधानाध्यापक छनोट २४

३.२.४. सहयोगी कार्यकर्ता छनोट २४

३.२.५. अभिभावक छनोट २४

३.२.६. बालबालिकाको छनोट २५

३.२.७. श्रोतव्यक्तिको छनोट २५

३.२.८. बालविकास केन्द्रका निरीक्षकको छनोट २५

३.२.९. व्यवस्थापन समिति अध्यक्षको छनोट २५

३.२.१०. जिल्ला शिक्षा अधिकारीको छनोट २६

३.३. सूचना संकलनका साधनहरुको निर्माण २६

३.३.१. सहयोगी कार्यकर्ताको लागि प्रश्नावली २६

३.३.२. प्रधानाध्यापकको लागि प्रश्नावली २६

३.३.३. बालविकास केन्द्रका निरीक्षकको लागि प्रश्नावली २७

३.३.४. श्रोतव्यक्तिको लागि प्रश्नावली २७

३.३.५. जि. शि. अ. को लागि अन्तर्वार्ता प्रश्नावली २७

३.३.६. अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली २७

३.३.७. विद्यालय व्यवस्थापन समिति अध्यक्षको लागि अन्तर्वार्ता प्रश्नावली २७

३.३.८. अवलोकन फाराम २८

३.३.९. समुह छलफल योजना २८

३.४. साधनको बैधता निर्धारण २८

३.५. तथ्याङ्क संकलन प्रकृया २८

३.६. तथ्याङ्क विश्लेषण प्रकृया २९

परिच्छेद - चार

तथ्याङ्कको व्याख्या तथा विश्लेषण

४.१. प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनको अवस्था ३०

४.१.१. बालविकास केन्द्रको बालबालिकाको उपस्थिती विवरण ३०

४.१.२. कक्षाकोठा व्यवस्थापनको अवस्था ३१

४.१.३. सहयोगी कार्यकर्ताको नियमितता ३२

४.१.४. पाठ्यक्रम र निर्देशिकाको उपलब्धता र प्रयोग ३३
४.१.५. बालविकास केन्द्रमा शिक्षणसिकाइ क्रियाकलापको अवस्था ३३
४.१.५.१. बालविकास केन्द्रमा सिकाइ क्षेत्र कार्यान्वयन अवस्था ३४
४.१.६. बालमैत्री कक्षाको प्रयोगको अवस्था ३५
४.१.६.१. बालविकास केन्द्रलाई बालमैत्री बनाउन भएका कार्यहरु ३६
४.१.७. कार्यक्रम सञ्चालनमा शैक्षणिक योजना निर्माण तथा पूर्व तयारीको अवस्था ३७
४.१.८. शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग ३७
४.१.९. सहयोगी कार्यकर्ताको प्रस्तुतीकरण ३९
४.१.१०. बालबालिकाको सर्वाङ्गीण विकासका क्रियाकलापहरु ४०
४.१.१०.१. शारीरिक विकासका लागि भएका क्रियाकलाप ४०
४.१.१०.२. मानसिक विकासका लागि भएका क्रियाकलाप ४१
४.१.१०.३. सामाजिक विकासका लागि भए गरेका क्रियाकलाप ४२
४.१.१०.४. संवेगात्मक विकासका लागि क्रियाकलाप ४२
४.१.११. सहयोगी कार्यकर्ताको योग्यता र त्यससम्बन्धि धारणा ४३
४.१.१२. सहयोगी कार्यकर्ताको सेवा तथा सुविधाको अवस्था र धारणा ४४
४.१.१३. बालविकास केन्द्रप्रति अभिभावकको चासो ४५
४.१.१४. बालविकास केन्द्रप्रति अन्य सहयोगको अवस्था ४६
४.१.१५.बालविकास केन्द्र व्यवस्थित गर्न जिल्ला स्तरबाट भएका कार्यहरु ४७
४.१.१६. बालविकास केन्द्रमा कार्यक्रम अनुगमन प्रकृया ४७
४.१.१७. बालविकास कार्यक्रममा सञ्चालित मुल्याङ्कन प्रणाली ४८
४.२. प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारीता र महत्व ४९
४.३. प्रारम्भिक बालविकास कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु ५१
४.३.१. बालविकास कार्यक्रमका समस्याहरु समाधानका निम्ती भए गरेका प्रयासहरु ५३
४.४. बालविकास कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधानका उपायहरु ५३

परिच्छेद - पाँच

प्राप्ति, निष्कर्ष र सुझाव

५.१. प्राप्ति ५६

५.२. निष्कर्ष ५९

५.३. सुझाव ६०

सन्दर्भसामग्री

अनुसुची